ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-१४, २०७५ साउन १९ गते, शनिबार (Aug.4, 2018 Saturday) www/janatimes/com मुल्य रु. ५/- पृष्ठ संख्या: ६




## हलुवाई जाति एक

# भ्रष्टाचार विरुद्ध कडा कानुन बनाइँदै

जनकपुर / भ्रष्टाचार निवारण र सुशासन स्थापना गर्न प्रदेश २ सरकारले कडा कानुन बनाउने तयारी गरेको छ। प्रदेश सरकारबाट हुने विकास निर्माणको कामलाई पारदर्शी बनाउन र भ्रष्टाचार निवारण गर्न विधेयकको तयारी गरेको छ ।

अख्तियार भए पनि प्रदेश सरकारले प्रदेशभित्र हुने भ्रष्टाचार र अनियमितता रोक्न छुट्टै कानुन आवश्यक छ,' प्रदेशका मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाले भने -'यसको मतलब अख्तियार वा सर्तकता केन्द्रसँग सहकार्य नगर्ने भन्ने होइन । नयाँ बन्ने कानुनले प्रदेश सरकारले आफ्ना कामलाई प्रभावकारी बनाउन तथा प्रदेशभित्र रहेका स्थानीय तहमा हुने भ्रष्टाचारलाई नियन्त्रण गर्न सहयोग पुग्छ ।'

मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीको निर्देशनमा विधेयकको तयारी गरिएको उनले जनाए । 'स्थानीय तहमा हुने भ्रष्टाचार तथा अनियमिततालाई पनि कसरी नियन्त्रण गर्ने भन्ने विषयमा अख्तियारसँग सहकार्य गरी विधेयकको दायरा फराकिलो बनाउन सकिन्छ,' उनले भने ।

आर्थिक वर्ष ०७४/७५ मा प्रदेश र स्थानीय तहले गरेको विकास निर्माणका काममा व्यापक आर्थिक अनियमितता भएको भन्दै मुख्यमन्त्री कार्यालयमा दैनिक उजुरी पर्ने गरेको छ । स्थानीय तहमा जनप्रतिनिधि आए पनि विकास निर्माणमा विगतकै शैलीमा भ्रष्टाचार र हिनामिना भएको उजुरीमा उल्लेख छ ।

प्रदेश सरकारका विभिन्न मन्त्रालयद्वारा भएको बजेट खर्चमा पनि प्रश्न उठेको छन । विशेषगरी निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत प्रदेश सांसदले पाएको १० लाख बजेटमा व्यापक हिनामिना भएकोलगायत उजुरी मुख्यमन्त्री कार्यालयमा पर्ने गरेका छन् ।

मुख्यमन्त्री राउतले विकास निर्माणको काममा हुने भ्रष्टाचार कुनै पनि हालतमा नस्विकार्ने बताएका छन्रु। भ्रष्टाचार र अनियमितता गर्नेलाई कारबाही गर्न आवश्यक कानुनको तयारी थाल्न कानुनमन्त्री र मुख्य न्यायाधिवक्तालाई निर्देशनसमेत दिएका छन्रु। प्रदेशलाई बदनाम बनाउने काम गर्नेलाई छुट नदिने मुख्यमन्त्रीको चेतावनी छरु। कार्यालयमा उजुरी आएपछि मुख्यमन्त्री गम्भीर बनेको स्रोतले बतायोरु। मुख्यमन्त्री राउतले भ्रष्टाचार नियन्त्रण गर्न नसके समृद्धि हासिल गर्न पनि नसकिने बताउँदै आएका छन ।

# शैक्षिक सुधारका लागि छलफल

**फत्तेपुर** / सप्तरीकोको सप्तकोसी नगर शिक्षा समितिले बिगत शैक्षिक कार्यक्रमहरुको समिक्षा र भाबी कार्यदिशा निर्माण सम्बन्धि एक दिने अन्तरक्रिया कार्यक्रम गत मंगलबार सम्पन्न गरेको छ ।

नगर शिक्षा समितिले आयोजना गरेको कार्यक्रममा नगर शिक्षा समितिले हालसम्म गरेका शैक्षिक गतिविधिहरुको समिक्षा गर्नुका साथै नगर शिक्षा समितीले प्रकाशन गरेको शैक्षिक गतिविधि समेटिएको पुस्तक बिमोचन गरिएको छ । पुस्तक बिमोचन प्रमुख अतिथि जिल्ला शिक्षा सम्मनय समितिका संयोजक शंकरराज लुइँटेल र मदन भण्डारी स्मृति प्रतिष्ठानका केन्द्रिय अध्यक्षले संयुक्त रुपमा गरेका थिए । बिमोचन कार्यक्रममा बोल्दै प्रमुख अतिथी लुइँटेलले भने सामुदायिक स्कुलहरुले गुणस्तरीय शिक्षामा जोड दिनु



पर्ने र शैक्षिक सुधार अभियानमा सम्पुर्ण शिक्षक अभिभावकलगायत सम्पुर्ण क्षेत्रका मानिसहरु सहभागी हुनु पर्नेमा जोड दिए । सप्तकोशी नगरपालिकामा अब ५७ जना बालबालिकाहरु मात्र बिद्यालय भर्ना गर्न बाकी रहेको तथ्यांकले देखाएकोले ती ५७ बालबालिकालाई पनि यसै बर्ष बिद्यालयमा भर्ना गर्नलाई ती बालबालिकाहरुका आमा बुबा हरुसँग बसेर छलफल गरि के कारणले स्कुल भर्ना हुन् नसकेका हुन पहिचान गरि भर्ना गर्ने तर्फ नगरपालिका लागि पर्नु पर्ने र सबै मा इच्छा शक्ति भए सामुदायिक स्कुलहरुलाई परिवर्तन ल्याइ सामुदायिक स्कुल प्रती जनआकर्षण बढाउन सकिने शैक्षिक अभियान्त गुरु बराललले बताए नगरपालिका शैक्षिक

बाँकी अन्तिम पृष्ठमा

# पानी परोस् भन्दै मन्दिरमा पूजा !



सप्तरी / पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित हुँदै गएपछि सप्तरीका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बिहीबार सप्तरीको तिरहुत गाउँपालिका-५ साविक लोहजरा-९ स्थित बाबा बनस्खण्डी मठमा पूजा गरेर वर्षाका लागि बर मागेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी मुकेशकुमार सिंहसहित सुरक्षा निकाय र अन्य सरकारी कार्यालयका प्रमुखहरुलगायतको टोलीसँगै मठमा पुगेका पौडेलले पानीका लागि पूजा गरेका हुन् ।

बिहानैदेखि निराहार बसेका पौडेलले विधिपूर्वक पूजा-आजा गरेको टोलीका तिरहुत गाउँपालिकाका अध्यक्ष हेमन्त वहडखेर यादवले बताए। यादव आफैपनि पूजामा सहभागि थिए।

भेडिया मठको नामले प्रसिद्ध बनस्खण्डी मठमा रुद्री, इन्द्र पूजा र हवन समेत गरिएको छ। रोपाइँका बेला वर्षा नहुँदा सरकारी कोषबाटै रकम निकासा गरी बाबा बनस्खण्डीको पूजा-आजा गर्ने परम्परा छ ।

विगतमा जिल्ला मालपोत कार्यालयले पूजाका लागि रकम निकासा गर्ने चलन थियो । प्रजातन्त्र स्थापनापछि जिल्ला विकास समितिमार्फत पूजापाठको सम्पूर्ण व्यवस्थापन हुँदै आएकोमा मुलुक संघीयतामा गएपछि पहिलो पटक स्थानीय तहले नै पूजाको सम्पूर्ण व्यवस्थापन गरेको जिल्ला समन्वय समिति सप्तरीका कर्मचारी कमलेश्वर विराजीले जानकारी दिए ।



**भ्रष्टाचार...**

स्तर उकास्न पहल गरि शैक्षिक कोषको स्थापना गरे नगरपालिकाले राखेजती कोषमा पैसा मदन भण्डारी फाउन्डेसन र प्रतिष्ठानले सहयोग गर्ने समेत प्रतिबद्धता जनाए। विभिन्न राजनैतिक दलका प्रतिनिधि शिक्षा प्रेमी समाजसेवि लगायतको उपस्थिति रहेको कार्यक्रम नगर प्रमुख उत्तमकुमार शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रम नगर शिक्षा अधिकृत जस बहादुर कार्कीले संचालन गरेका थिए।


## २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरुः**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

**स्पोर्ट सेवाहरुः**

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्धारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन




एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

## माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००


# सूचना

कसैले कुनै पनि व्यक्तिलाई जात, जाती, वंश, समुदाय, पेसाको आधार मा व्यवसाय गर्न, कुनै धार्मिक कायृ गर्न, बस्तु वा सेवा, सुविधा उत्पादन, विक्रि वितरण गर्न प्रतिवन्ध वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य पार्नु हुदैन ।



**नेपाल सरकार**

**संचार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना विभाग**


## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

**हाम्रा उपलब्ध सेवाहरु**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा






## फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७

## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरुः**

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**विशेषज्ञ डाक्टर**

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग विशेषज्ञ




## जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०


प्रमुख सल्लाहकारः डा.महेन्द्र विष्ट, सल्लाहकारः प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केर्शी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१६७२१ Email:janatatimesweekly@gmail /com,publicnews8@gmail /com, Web site: www /janatimes /com, मुद्रणः शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय....................

## बलात्कार घटनाप्रति संवेदनहीनता किन ?

नेपाल प्रहरीलगायत राज्यका अंगहरुमा बलत्कारका घटनामा आवश्यक संवेदनशीलता देखिँदैन बिल्कुलै देखिँदैन् । यस्ता जघन्य अपराधमा राज्यको संवेदनशीलता नहुनु किमार्थ राम्रो होईन ।

पश्चिम कञ्चनपुरमा बालिकाको बलात्कारपछि हत्या भएको शंका गरिएको घटनामा प्रहरीले बेलैमा आवश्यक र उचित संवेदनशीलता नदेखाउँदा नेपाल प्रहरीको कार्यक्षमतामा प्रश्न उठेको छ । यस्तो घट्ना बारम्वरा दोहोरी रहेका छन् । कञ्चनपुर घटनामा प्रहरी आलोचित भएको छ । दोषी पत्ता लगाउन नसक्ने तर जनतामाथि दमन गर्ने भन्दै संसदमा पनि प्रहरीको आलोचना हुनुले प्रहरी प्रशासन गम्भीर हुनु पर्दछ ।

बलात्कार जघन्य अपराध हो । त्यसमाथि बालिकाको बलात्कार बढी नै अमानवीय अपराध हो । झन बलात्कारपछि हत्या हुनु त ानवताविरुद्धको भयावह अपराध हो । यस्तो अपराधमा राज्यका सबै संयन्त्र अत्यन्त संवेदनशील र जिम्मेवार हुनु पर्दछ ।

बलात्कारका कतिपय घटनामा प्रहरीले जाहेरी लिन नमान्ने वा आफैँ अग्रसर भएर मिलापत्र गराउनेजस्ता कानुनविपरीत हुने काम गरेको थुप्रै घटनामा विगतमा सार्वजनिक भइरहेका छन् । सप्तरीमा यस्ता कुकर्म प्रहरी प्रशासनबाट हुदै आएका छन् । प्रहरीले बलात्कारजस्तो जघन्य अपराधलाई पुरातन्पन्थी दृष्टिकोणबाट हेरिनु हुदैन । प्रहरीले आफ्ना सबै सुरक्षाकर्मीलाई विशेष सजग गराई यस्ता कुर्कत्य विरुद्ध गम्भीर भई नागरिकको आलोचनाबाट जोगिनु पर्दछ ।

### ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१–५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# जोशी अस्वीकृतिका बाछिटाहरु

❑ किशोर दहाल

एक हप्तादेखिको अन्योल चिर्दै संसदीय सुनुवाइ विशेष समितिले प्रधानन्यायाधीश हुनका लागि सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशी अयोग्य रहेको निष्कर्ष निकालेको छ। अघिल्लो बिहीबार गरिएको सुनुवाइका क्रममा जोशीले दिएका जवाफ र पछिल्ला दिनमा सार्वजनिक भइरहेका जोशीबारेका 'प्रमाण'हरुले उनको प्रधानन्यायाधीश दौड टाढा रहेको संकेत गरिरहेकै थिए। भयो पनि त्यस्तै। प्रधानन्यायाधीश पद जोशीको छेउबाटै अलप भयो ।

जोशीका निम्ति यो दुखान्त हो। ०६३ पछिका केही संसदीय सुनुवाइमध्ये पहिलोपटक उनीमाथि नयाँ अभ्यास भयो। यो संसदीय सुनुवाइ समितिले आफूलाई 'सुनिने' होइन, 'देखिने' समिति भएको प्रमाणित गर्‍यो। यो कदमलाई नयाँ इतिहासको सुरुवात हुने अपेक्षा गर्न सकिन्छ ।

समितिले जोशीलाई अस्वीकार गर्दै गर्दाका केही बाछिटाहरुलाई यतिबेला केलाउन सकियो भने भविष्यका लागि एउटा राम्रै पाठ बन्न सक्छ ।

**सुधारको सुरुवात**

जोशीलाई अस्वीकार गरेसँगै न्याय क्षेत्रमा एउटा सकारात्मक सुरुवातको अपेक्षा गर्नु मनासिब हुनेछ। संसदीय सुनुवाइ समितिमा जस्तासुकै व्यक्ति पनि सहजै पास हुन सक्ने भएपछि यसको औचित्यमाथि प्रश्न उठ्न थालेको थियो। तर, जोशीलाई गरिएको अस्वीकारसँगै विवादित र अयोग्यलाई विकल्प छैन भन्ने सन्देश प्रवाहित भएको छ। न्यायालयको छवि सुधारको निम्ति यो सन्देश थप इँटा हुनसक्छ ।

अब यसले मुख्यगरी तीन क्षेत्रमा दबाब बढाउन सक्छ ।

पहिलो, प्रधानन्यायाधीशको लाइनमा भएका, अपेक्षा राखेका वा न्याय क्षेत्रमा 'करियर' सोचेका सबैले आफूलाई 'दागरहित' बनाउनु जरुरी छ। यो प्रकरणपछि अब वरिष्ठताका आधारमा पद पाइने प्रचलनको पनि अन्त्य हुनसक्छ। कारण, संसदीय सुनुवाइले वरिष्ठता होइन, शुद्धता खोज्ने संकेत अहिलेको प्रकरणले देखिन्छ ।

दोस्रो, समितिले अब योग्य मात्रैलाई अनुमोदन गर्नुपर्नेछ। त्यो 'योग्यता'को दायरामा आगामी दिनमा थप छलफल हुने नै छ। तर, जोशी फेल हुनुको अर्थ अर्को अमुक व्यक्तिलाई सहजै पास गराउने भनेर मात्रै सोचिने जस्तो सहज विषय अब रहनेछैन। विवादरहित र '२४ क्यारेट' शुद्ध प्रधानन्यायाधीशको अनुमोदन अब समितिको बाध्यता भइदिन्छ। नत्र भने, जोशीलाई अनुमोदन नगरेको विषयमा अनेक षड्यन्त्रको आशंका सुरु हुनेछ ।

तेस्रो, यसले संसदीय सुनुवाइको परीक्षा पास गर्नुपर्ने अन्य पदहरुमा पनि अप्रत्यक्ष धक्का दिन सक्नेछ। संविधानको धारा, २९२ मा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्रुका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि संघीय कानुन बमोजिम संसदीय सुनुवाइ हुने उल्लेख छ ।

हिजोका कतिपय 'योग्य' न्यायाधीशलाई झन्डाको रङ फरक भएकै आधारमा रुँदै घर फिर्ता नपठाएको भए आज यतिसाह्रो तनाब लिनुपर्ने थिएन। हामीले भनेजस्तो भएन भनेर संसदीय समितिको बैठक नै बहिस्कार गर्नुपर्ने थिएन ।

अहिले प्रयोग गरिएको क्षमता त्यतिबेला 'पार्टी निकट'का हकमा कति प्रयोग हुन्छ। त्यो हेर्नै बाँकी छ। तर सकारात्मक सुरुवातको अपेक्षा स्वभाविक छ ।

**संवैधानिक परिषद्रुमाथि प्रश्न**

अब संवैधानिक परिषद्रुबाट हुने सिफारिसमा पनि सुधार हुने र सम्बन्धितहरु पनि जवाफदेही हुने परिपाटीको थालनी हुनसक्छ। यो आवश्यक पनि छ। जस्तो कि अहिले पनि जोशी संवैधानिक परिषद्रुबाट सिफारिस भएर आएका व्यक्ति हुन्। र, परिषद्रुको कार्यविधि अनुसार जोशीलाई सिफारिस गर्दा उनको 'सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमान्दारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभवसमेतलाई विचार' गरेर सिफारिस गर्ने गरिएको हो ।

तर, उनी अस्वीकृत भए। अर्थात, परिषद्रुले प्रभावकारी काम गरेन। उपयुक्त व्यक्तिलाई सिफारिस गरेन ।

संविधान अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा प्रतिनिधिसभाको सभामुख, राष्ट्रियसभाको अध्यक्ष, विपक्षी दलको नेता, प्रतिनिधिसभाको उपसभामुख र कानुन तथा न्यायमन्त्री सदस्य रहने परिपक्व परिषद्रुले सिफारिस गरेको थियो। तर, परिपक्वता देखिएन ।

संसदीय सुनुवाइ समितिले अस्वीकार गरेको जोशी भन्ने व्यक्तिलाई मात्रै होइन, संवैधानिक परिषद्रुले सिफारिस गरेको व्यक्तिलाई हो। समितिको अस्वीकारपछि परिषद्रुको कार्यक्षमतामाथि किन प्रश्न नउठाउने? त्यसको नेतृत्वकर्ता प्रधानमन्त्रीको विवेकमाथि किन प्रश्न नउठाउने? उनले कुन क्षमताका आधारमा जोशीलाई प्रधानन्यायाधीशमा योग्य देखेर सिफारिश गरेका थिए? उनले त्यहीँ किन जोशीलाई अस्वीकार गरेनन ?

यस पटकको सिफारिसले परिषद्रुको क्षमताको मूल्यांकन गर्ने नै छ। परिषद्रु भविष्यका निम्ति सचेत बन्न सक्छ। मुख्यगरी संवैधानिक परिषद्रुको कार्यढाँचामै परिवर्तनको आवश्यकता यो प्रकरणले माग गर्छ ।

**संसदीय सुनुवाइ समितिमाथि प्रश्न**

जोशीले साउन १० मा संसदीय सुनुवाइमा सांसदहरुको प्रश्नको जवाफ दिए। उनका उत्तरहरुमा चित्त बुझाउनु वा नबुझाउनु सांसदहरुको कुरा हो। तर, जवाफमा चित्त नबुझाउनु र उनलाई प्रधानन्यायाधीशमा अनुमोदन नगर्नु फरक कुरा हुन्। उनलाई अनुमोदन नगर्नका लागि चित्तबुझ्दो उत्तर समितिले प्रस्तुत गर्नुपर्छ। तथ्यसंगत कारण पनि प्रस्तुत गर्नुपर्छ। उसले बनाउने धारणा र निष्कर्षमा पुग्ने तरिका सञ्चार माध्यममा आउने समाचार मात्रै पूर्णप्रमाण हुन सक्दैन ।

तर, जोशीलाई अस्वीकृत गर्ने प्रस्तावमा मतदान गर्ने सदस्यहरुका तर्फबाट सदस्य योगेश भट्टराईले शुक्रबारको बैठकमा प्रस्तुत गरेको आधार र कारणले खासै सुखद संकेत गरेन। प्रश्न उठ्छ, समिति यति ठूलो निष्कर्षमा पुग्ने स्रोत के हो? जोशीलाई अस्वीकार गर्ने निर्णयको आधार के हो ?

'ठोस अवधारणा र कार्ययोजना प्रस्तुत गर्न नसकेको', 'कुनै पनि जिज्ञासा र प्रश्नको सन्तोषजनक रुपमा सम्बोधन हुन नसकेको', 'यथेष्ट प्रमाण र सन्तोषजनक जवाफ प्रस्तुत हुन नसकेको' तथा 'समिति सन्तुष्ट हुन सकेन' जस्ता अमूर्त भाषा भोलि जोसुकैका लागि पनि अस्वीकार गर्ने कारण बन्न सक्छ ।

जोशीमाथि अध्ययन गर्ने कुनै कार्यदल बनेन, विज्ञहरुसँग पनि छलफल गरिएन। समितिमा पनि गम्भीर बहस भएन। अनि, समिति के आधारमा निर्णयमा पुग्यो त? सञ्चार माध्यमका समाचार हेरेर ?

समिति जोशीले दिएकै उत्तरका आधारमा मात्रै निष्कर्षमा पुगेको हो भने, यति दिन किन लाग्यो? किन तत्काल पुग्न सकिएन? किन समितिमा भन्दा बढी पार्टीका निर्णायक नेताहरुसँग छलफल भयो? जब गम्भीर बहस भएकै छैन, अध्ययन भएकै छैन, तर समितिका सम्बन्धित सांसदभन्दा बाहिर सक्रियता बढेको छ। यसले पर्दाभित्र पनि खेल भएनन् होला भनेर कसरी विश्वस्त हुने ?

संसदीय सुनुवाइको प्रावधान अलि रोचक छ। यसमा दुई तिहाइले स्वीकार गर्ने होइन, दुई तिहाइले मात्रै अस्वीकार गर्न सक्छ। यस्तो व्यवस्थाको सामान्य तर्क के हो भने, त्यस्तो दुई तिहाइ शक्ति सो समितिमा हत्तपत्त हुँदैन वा सामान्य अवस्थामा मात्रै यस्तो सुनुवाइले कुनै पनि सिफारिस अस्वीकार गर्न सक्दैन। अर्थात, अस्वीकार गर्नका लागि विशेष असामान्य कारण हुनुपर्छ। अहिले समितिले कुन असामान्य कारण प्रस्तुत गर्योन ?

बिनाअध्ययन र छलफलमा यति धेरै समय लिएर पुगिएको निष्कर्षले समितिको मर्यादा जोगायो? यसको क्षमता प्रस्तुत गर्‍यो? स्वतन्त्रता र सर्वोच्चता कायम भयो ?

आशा गरौं, अस्वीकार नै गर्ने भए पनि अबका संसदीय सुनुवाइमा गम्भीर छलफल हुनेछ, समितिले नै प्रमाण जुटाउनेछ र निष्कर्षमा पुग्नेछ ।

**न्यायपालिका कार्यपालिकाको छायाँ ?**

जोशीलाई अस्वीकार गर्नुका जति कारण प्रस्तुत भएका छन, ती त छँदैछन्। तर, यस प्रकरणले उब्जाउने प्रश्नको दायरा अलि फराकिलो पनि छ। के अब न्यायपालिकामा कार्यपालिकाको छायाँ पर्दै जाने त होइन ?

विगतको अभ्यास र अहिलेको संसदीय सुनुवाइमा भएका सांसदहरुको समीकरण ख्याल गर्ने हो भने भन्न सकिन्छ, जोशी आफ्नै कारणले भन्दा पनि समितिमा भएका नेकपाका दुई तिहाइ सदस्यका कारण अनुमोदन हुन नसकेका हुन्। अझ अगाडि बढेर भन्ने हो भने, त्यसमा सरकारको शक्ति पनि जोडिएला ।

अन्य घटनाक्रम सहायक घटनाक्रम मात्रै हुन् । जोशी जानु वा रहनुले त्यति अर्थ राख्दैन । तर, उनीमाथि कार्यपालिकाको छायाँ परेको हो भनेचाहिँ त्यसले सही सन्देश प्रवाह गर्दैन। सत्तापक्षले आफूलाई अवरोध गर्न नसक्ने खालको प्रधानन्यायाधीशको चाहना राखेर बाँकी 'नाटक' मञ्चन गरिएको हो भने त्यसले शक्ति पृथकीकरणको हाम्रो संरचनागत अपेक्षामाथि प्रश्न उब्जाउनेछ ।

यसपटक पनि जोशीबारे समितिका सदस्यले पार्टीका नेताहरुसँग सरसल्लाह गरेका थिए। यसले पनि जोशीको अनुमोदन हुन नसक्नुमा पार्टी हितको सुरक्षा खोजिएको अनुमान गर्न सकिन्छ। कारण, सरकार सर्वोच्च अदालतप्रति खासै सन्तुष्ट छैन ।

असार अन्तिम हप्ता चिकित्सक संघको टोलीसमक्ष प्रधानमन्त्री केपी शर्मा ओलीले सर्वोच्च अदालतले भने पनि माइतीघर निषेधित क्षेत्र रहने बताएको खबर त्यतिबेला सार्वजनिक भएको थियो ।

सरकारकै प्रवक्ता गोकुल बाँस्कोटाले केहीअघि नेपाल लाइभसँगको अन्तर्वार्तामा पनि अदालतप्रति असन्तुष्टि जनाएका थिए। यस्ता कुरा सरकारको अदालतलाई हेर्ने नजर र अदालतप्रतिको चाहना बुझ्ने छिद्र हुन सक्छन्। जसले सरकार अदालतमा पनि सहज पात्रहरुको खोजीमा छ भन्ने बुझ्न सकिन्छ ।

न्यायालयमा मिसाइएको राजनीतिक विषको असर हामीले कहिलेसम्म भोग्नुपर्ने हो, अहिले नै अनुमान गर्न सकिन्न । किनकि, यस विषयमा जो सचेत बन्नुपर्ने हो, उनीहरुले सोचिरहेका छैनन् ।

बाँकी चार पृष्ठमा

# नेपालमै हुन्छ क्यान्सरको उपचार




प्रा डा राजेन्द्रप्रसाद बराल

नेपालमा क्यान्सरको अवस्था बढ्दो क्रममा छ। यो रोग शरीरका कुनै पनि अंगमा र जुनसुकै उमेरमा पनि लाग्न सक्छ। विगतमा पनि क्यान्सरका बिरामी नभएका होइनन्। पहिले पनि मानिसहरू क्यान्सरबाट मर्थे। तर त्यसको कारण थाहा हुँदैथ्यो। तर अहिले रोग निदानको विकाससँगै यो पत्ता लाग्ने क्रम बढेको छ र बिरामी पनि बढेका छन् ।

नेपालमा क्यान्सर रोगबारे कुनै पनि जनसंख्यालाई आधार मानेर कुनै सर्वेक्षण भएको छैन। अहिलेको उपलब्ध तथ्याङ्क भनेको अस्पतालमा आधारित हो। हरेक क्यान्सर अस्पतालमा कुन क्यान्सरका बिरामी, कति भन्ने फरक-फरक तथ्यांक छ। तर समग्रमा हेर्ने हो भने नेपालमा महिला-पुरुष दुवैमा फोक्सोको क्यान्सर पहिलो नम्बरमा छ ।

उदाहरणका लागि भरतपुर क्यान्सर अस्पतालमा मुख क्यान्सरका बिरामी बढी छन् भने भक्तपुर क्यान्सर अस्पतालमा पाचनप्रणालीका क्यान्सरका बिरामी बढी देखिएको छ ।

महिलाको मात्र कुरा गर्ने हो भने पाठेघरको मुखको क्यान्सर पहिलो स्थानमा छ। जुन अवस्थामा नवयुवतिहरूमा स्तन क्यान्सर देखिएको छ त्यसले पाठेघरको मुखको क्यान्सरलाई उछिन्न सक्छ भन्ने हामीलाई आंशका छ। दक्षिण एसियाली देशमै पाठेघरको मुखको क्यान्सर धेरै छ। यसो हुनुमा धेरै कारण छन्। जस्तो दुईभन्दा बढी जनासँग शारीरिक सम्पर्क राख्दा, सानो उमेरमै बिहे गरी धेरै बच्चा जन्माएका, ढिलो विवाह गर्नेजस्ता कारणले यो क्यान्सर हुने सम्भावना हुन्छ। तर पहिलो कारण भने ह्युमन प्यापिलोमा भाइरसको संक्रमण नै हो ।

त्यसैकारण निकै सानो उमेरका महिलालाई पनि पाठेघरको मुखको क्यान्सर हुने गर्छ। तर, यो निकै कम देखिन्छ। यो रोग नियन्त्रणका लागि लगाउने भ्याक्सिन पनि आइरहेको छ। समय-समयमा पाठेघरको मुखको पानीको जाँच गरेर यो भाइरस भए-नभएको पत्ता लगाउन सकिन्छ ।

हामीले कस्तो योजना बनाएर क्यान्सरविरुद्ध लड्नुपर्छ भन्ने कुरा जनसंख्यामा आधारित सर्वेक्षणबाट मात्र थाहा हुन्छ। त्यसो हुने हो भने फरक-फरक क्यान्सरलाई कसरी उपचार प्रक्रिया अपनाउने भन्ने आधार तयार हुन्थ्यो ।

अहिले सर्नेभन्दा नसर्ने रोग बढी छ। अहिले जुन अस्पतालमा गयो त्यहाँ मिर्गौला, क्यान्सर, मुटुका बिरामी छन्। यो बढ्दो क्रममा छ। यस आधारमा नेपालमा पहिल्यै जनसंख्यामा आधारित सर्वेक्षण हुनुपर्थ्यो। अबचाँहि सुरु गर्ने तयारी छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, विश्व स्वास्थ्य संगठनलगायत मिलेर जनसंख्यामा आधारित सर्वेक्षण गर्ने प्रयास गरेका छन्। त्यसबाट आएको तथ्यांकबाट पनि हामीले धेरै प्रश्नको उत्तर दिन सक्छौं ।

बुझ्नुपर्ने कुरा के छ भने हरेक क्यान्सरको सुरु सुर्तिजन्य पदार्थका कारणले हुन्छ। त्यसैले यस्ता पदार्थको सेवन नियन्त्रण, स्वस्थ जीवनशैली, असन्तुलित आहारविहारमा ध्यान दिनु जरुरी छ ।

पछिल्लो समय क्यान्सरलगायत धेरै कडाखालका रोगको उपचार नेपालमै हुन्छ। विभिन्न रोगका विशेषज्ञको उत्पादनसँगै बिरामीको चाप पनि बढेको छ। नेपालमा हाल विभिन्न क्यान्सरका करिब एकसय जना विशेषज्ञ छन्। यो सय जनाको भागमा करिब तीन लाख बिरामी पर्छ ।

२५-२६ वर्ष पहिले हामी बाहिरबाट पढेर आउँदा धेरै थोरै संख्यामा विशेषज्ञ मात्र थियौँ। त्यो समयमा नेपालमा क्यान्सरको विशेषज्ञता पढाई हुदैथ्यो। अहिले न्याम्समै क्यान्सर विशेषज्ञता पढाइ भइरहेको छ। हामी अहिले के भन्न सक्छौं भने नेपालमा ९० प्रतिशत क्यान्सर रोगको उपचार सम्भव छ। नयाँ उपकरण प्रविधि पनि भित्रने क्रम बढेकाले उपचारलाई सहज बनाएको छ। तर एकैपटक हाइ डोज रेडियसन प्रयोग गरी सर्जरीलगायतका केही प्रविधि नेपालमा छैन ।

हामीले क्यान्सर बिरामीलाई उपचार गरी निको बनाएर घर पठाएपछि पनि जीवनभर हामीकहाँ आउनुहोस् भनेर पठाउँछौं। समय-समयमा जाँच गर्दै उहाँको स्वास्थ्य स्थिति थाहा हुन्छ। तर रोग फर्कने कारण धेरै हुन्छ। कसैलाई एउटा क्यान्सर निको भए अर्को अंगमा क्यान्सर हुने जोखिम पनि हुन्छ। एउटै मानिसलाई तीन फरक-फरक क्यान्सर हुने व्यक्ति पनि धेरै छन्। फलोअप समय-समयमा गरेका सुरुका अवस्था पत्ता लगाउँदा उपचार भरपर्दो हुन्छ ।

क्यान्सरका चार चरण हुन्छन्। पहिलो चरणमा क्यान्सर पत्ता लागेमा उपचार र निको हुने सम्भावना धेरै हुन्छ। विडम्बना के छ भने हामीकहाँ आइपुग्ने करिब ७० प्रतिशत बढी बिरामी चौँथो चरणमा पुगिसकेका हुन्छन् ।

सार्क फेडेरेशन अफ अंकोलोजिस्ट नेपालको म भर्खरै अध्यक्ष चुनिएको छु । यो २००१ मा सार्क राष्ट्रका क्यान्सर विशेषज्ञले स्थापना भएको हो। त्यसपछि हामीले २००१ मा नै नेपाल च्याप्टर खोलेका हौं । यो संस्था नेपालमा निकै सक्रिय छ। यसको मुख्य काम क्यान्सरका बारे नयाँ-नयाँ आविष्कार सेयर गर्ने, युवा क्यान्सर चिकित्सकलाई हौसला दिई फेलोसिपहरू दिलाउने, विभिन्न वैज्ञानिक कार्यक्रम बढाउने, समग्र क्यान्सर रोगको नियन्त्रणका के भूमिका खेल्न सक्छौं भनेर काम गर्ने, नेपालको क्यान्सर उपचार सेवालाई अझ माथि पुर्‍याउने तथा गुणस्तरीय बनाउने हो। यी काम गर्न हामी सक्रिय रुपमा लागिरहेका छौं।

नर्भिक अस्पतालले पनि भर्खरै छुट्टै क्यान्सर यूनिट बनाएर उपचार सेवा सुरु गरेको छ नर्भिक क्यान्सर केयर सेन्टरको रुपमा। अहिले किमोथेरापी मात्र सुरु भएको छ। निकट भविष्यमा नै ठूलो रेडियसन मेसिन र बोनम्यारो ट्रान्सप्लान्ट लिएर छुट्टै क्यान्सर अस्पताल बनाउने सोच नर्भिकको छ ।(*डा बराल नर्भिक क्यान्सर केयर सेन्टरका प्रमुख हुन् )*

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)**: विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला र काम गर्ने जांगर र आत्मबल बढ्ला र मनमा उत्साह र हिम्मत बढ्नेछ र

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो)**: आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् र भेटघाटमा मन रमाउनेछ र खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् र

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह)**: शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला र तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् र

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**: पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ र यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ र मन प्रफुल्ल रहला र

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: मनमा चंचलता बढ्नेछ र आफन्तजनबाट सहयोग मिल्न कठिन होला र एकाग्र भएर काम गर्न मुस्किल पर्ला र

**कन्या (टो,प,पी,पु,ष,ण,ठ,पे,पो)**: समय राम्रो छ र साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला र प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला र

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते)**: समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला र स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न र मन दोधार होला र

**वृश्चिक (तो,ना,नि,नु,ने,नो,या,यि,यु)**: आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला र शैक्षिक क्षेत्रभने मध्यम रहला र सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला र

**धनु (य,यो,भा,भी,भु,ध,फा,ढ,भे)**: समय मध्यम खालको छ र नयाँ र रमाइलो ठाउँको भ्रमण होला र सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला र

**मकर (भो,जा,जी,जु,जे,जो,खा,खि,खु,खे,खो,गा,गी)**: समय उत्तम खालको छ र आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला र शुभ समाचार सुन्नाले मन प्रशन्न रहला र

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**: मिष्ठान्न भोजन प्राप्त हुन सक्छ र पुराना साथीभाईहरुसित भेटघाट होला र व्यापार व्यवसायमा प्रगति होला र

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:समय उत्तम खालको छ र तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला र माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ र

# असारे विकासमा राहतको खोजी



राकेश प्रसाद चौधरी

मधेशका नदीनालामा बर्षाको पानीले नृत्य गर्न थालेको छ, आँगन सानो भइसकेको छ। कुनै बेला पानीको बहाव दायाँबायाँ मोडिन सक्छ। यसबाट जनधनको क्षति हुने निश्चित प्रायः छ। विपद्को बेला कसरी बाँच्ने भनेर चेतनामूलक कार्यक्रम गर्न बजेट खर्चिएको छ। नदी, नहरको जीर्णोद्वार गर्न रकम समेत खर्चिएको छ। त्यो कार्यक्रम साँच्चिकै भयो वा कागज मात्र मिलान भएको हो बारे सूचना तथा भ्रष्टाचार बिरोधी अभियानीले खोजनीति गर्ने नै छन्। अहिले अनियमितता र भ्रष्टाचारको मूल कारण असार महिनामा सरकारी रकम खर्च गर्न दिइनु नै हो। यसका हिस्सेदारको दायरा अलिक ठुलो होला। यसको असर दुई ठाउँमा देखिएको छ। थोरै इमान्दार भएर काम गर्दाको परिणाम पनि त्यति सुखदायी छैन। त्यही जनताको चेतना बढाउन गरिनुपर्ने लाखौंलाख रूपैयाको कार्यक्रम कागजमै गर्दा खोजीनीति गर्ने निकाय छैन।

थोरै इमान्दार भएर काम गर्दा नदीमा आउने बाढीले गर्ने क्षतिभन्दा अलिक कम खतरापूर्ण छ। तर यसको मानसिक असर बाढीभन्दा बढी खतरनाक छ। गाउँशहर सबै ठाउँमा असारे विकास भइरहेको छ। जनताको ध्यान पनि निर्माण कार्यमा मात्र छ। विकास निर्माणभन्दा कैयौं गुणा बढी रकम चेतनामूलक कार्यक्रम, चेतना विकास, ज्ञानसीप अभिबृद्धिमा खर्च भइसकेको छ। यसबारे पक्कै पनि जून समूदायका लागि कार्यक्रम भएको हो, त्यसमध्ये धैरैलाई थाहा छैन।

धैरै ठाउँमा नगरपालिकाको मेयर र गाउँपालिकाको अध्यक्षले गर्ने कार्यक्रमबारे वडाअध्यक्षलाई थाहा छैन, प्रदेश र संघीय सांसदले गर्ने काम मेयर एवं अध्यक्षलाई थाहा छैन। जिल्ला समन्वय समितिको सभापतिले गर्ने काम अन्यलाई थाहा छैन। सूचना अदानप्रदानमा राखिएको गोपनियताले धैरै नगरपालिका र गाउँपालिका द्वन्द्वरत अवस्थामा छ। यी जनमतबाट जितेका पदाधिकारीहरूलाई डुबान, कटान र बर्षातको क्षति पूर्वानुमान गर्ने फर्सद नै छैन। भएभरको बजेटलाई कसरी बढीभन्दा बढी दुरूपयोग गर्न सकिने योजना बनाउन मस्त छन्। चिंता जनताको भन्दा पनि बजेट, नीति, कार्यक्रमको छ। नगर एवं गाउँपालिकाका सरोकारवालाले नागरिकलाई संविधान र कानूनले ब्यबस्था गरेको सूचनाको हकलाई सनुख्खी(सन्दुक)मा ताल्चा लगाई बन्द गरिएको छ। सूचना माग गर्दा उत्तर दिने कोही छैन। सबैले मधेशमा विकास गरिरहेकोले जनतालाई सूचना दिने काम त्यति महत्वपूर्ण मानिएको छैन।

थोरै इमान्दारीपूर्वक गरिएका केही चेतना, सीप, ज्ञान विकासको कार्यक्रममा खेतीबारे चिकित्सक, स्वास्थ्यबारे कम्प्युटर प्रावधिक, बिज्ञान प्रविधि एवं इन्टरनेटबारे तरकारी ब्यापारी, विपद्को बारेमा पशुपालकलगायतकाले सहजीकरण एवं प्रशिक्षण गर्छ। नगरपालिका एवं गाउँपालिकाले बिना मापदण्ड, सहजकर्ता एवं प्रशिक्षकको योग्यता, सम्झौता गर्ने संघसंस्थाको योग्यताभन्दा बढी 'व्यवहार' लाई महत्व दिएको देखिएको छ। लेनदेनको लाई सामाजिक कार्यको भाषामा 'व्यवहार' भन्ने गरिन्छ। सुचना अभियानीहरूले नगर एवं गाउँपालिकाले सम्पन्न गरेका भौतिक एवं सामाजिक विकासको प्रगति विवरण माग गरेर सार्वजनिक परीक्षणका लागि जनतालाई सहयोग गर्नेछन्। त्यही नभएको कार्यक्रमबारे जानकारी पाउँछन्। साथै थोरै इमान्दारीपूर्वक भएका कार्यहरूमा संलग्न भएका संघसंस्था, सहजकर्ता एवं प्रशिक्षकको योग्यताबारे नागरिकले थाहा पाउनेछन्।

बाढीले गतबर्ष क्षति भोगेकाहरूमध्ये थोरैले मात्रै यस बर्ष राहत पाएको गुनाँसो छ। धैरै ठाउँमा राजनीतिक हस्तक्षेप भएर नपाउनेहरूले राहत पाएको टिकाटिप्पणी भइरहेको छ। पक्कैपनि यो बर्ष नृत्यको तयारीमा रहेको नदीनालाले क्षति गर्दा अर्कोबर्ष राहतमा कति 'व्यवहार' गर्ने भनेर सरोकारवालाहरू सोचिरहेका होलान। तर अहिले गाउँशहरमा भएको असारे विकासले मानसिक असर परेकाहरूको संख्या हजारौं छ। विभिन्न गाउँ र टोलमा प्राविधिक सहयोगमा उपभोक्ता समिति, ठेकेदार र मालदारहरूले गरेको विकास निर्माण कार्यले पानीको निकास नै प्रभावित बनेको छ। टोलटोलमा बर्षाको पानी जमेको छ। लामखुट्टेको आतंक छ। जमेको पानीबाट ओहरदोहर गर्दा पानीजन्य रोगबाट ग्रामिण मात्र नभई शहरी क्षेत्रका नागरिक परेसान छन्।

'आँगन सुखल घरमे पानी' भनेजस्तै विकासले गर्दा गाउँ, शहर टापुको समूह बनेको छ। प्रतिनिधिहरू चुनाव भएको खर्च र यसबर्ष भएको व्यवहारको मुखमिलान गर्दै अर्को बर्ष कुन संघसंस्था, उपभोक्ता समिति, ठेकेदार र मालदारलाई काम दिएमा राम्रो व्यवहार हुन्छ भनेर योजना बनाउन मस्त छन्। असार बित्छ, साउन आउँछ। त्यसपछि न त नदीले नृत्य गर्छ, न त विकासको कारण डुबान र टापु भएका गाउँशहरको कुरा आउँछ। प्रतिनिधिहरूको भाषणमा राहत, क्षतिपूर्ती, समृद्ध मधेश, विकासको कुराहरू मिठो तरीकाले प्रस्तुत हुन्छ। त्यसपछि इन्तजार समाप्त भएर पुनः असार महिना आउँछ। यो क्रम फेरि चलिरहन्छ। सामान्य नागरिकले नपाए पनि केही बोल्दैन, केही पाए भने त बोल्ने कुरा नै आउँदैन।

असार महिनामा हुने आर्थिक बर्षको समाप्तीलाई संशोधन गरेर संस्थागत भइसकेको अनियमितता र भ्रष्टाचार रोक्न सकिने अवस्था अहिले देखिएको छैन। यस्ता गलत गतिविधिलाई रोक्न नागरिक एवं नागरिक समाज सशक्त ढंगले उठ्नुपर्छ र सुचनाको हकलाई हतियारको रूपमा प्रयोग गर्नुपर्छ। *(मधेश दर्पण फिचर सेवा)*

---

*जोशी अस्वीकृतिका .....*

जोशीपछि आउनेहरुले कार्यपालिकाको मन जित्ने प्रचलन सुरु गरे भने चाहिँ डरमर्दो हुनेछ। समान्यतया अबको पाँच वर्ष कार्यपालिका र व्यवस्थापिकको शक्ति संघर्ष यस्तै नै हुनेछ। यी दुईको दूरी बिस्तारै मेटिँदै पनि गएको छ। अबको ५ वर्ष प्रधानन्यायाधीशको लाइनमा भएकाहरुले अप्रत्यक्ष रुपमा सरकार र नेकपालाई खुसी तुल्याउने खेती सुरु गरे भने न्यायपालिकासँगको दूरी पनि मेटिँदै जानेछ। त्यतिबेला हामी कहाँ पुगौंला ?

**अदालतलाई राजनीतिको विषबाट मुक्त नगर्ने ?**

न्यायाधीशका नाममा हामीले पार्टीका झन्डा बोक्ने कार्यकर्तालाई नियुक्त गर्ने अभ्यास थालेका थियौं। त्यसैले पनि अहिले न्यायाधीशहरुको अनुहारमै पार्टीको झन्डा देखिने गरेको हो। त्यसमा कांग्रेस पनि दोषी छ, अहिले नेकपामा परिणत भएका हिजोका एमाले र माओवादीले पनि दोषी छन्। आफ्नो भागमा कति न्यायाधीश परे भन्ने कुराले दोष कमी वा बेसी भन्ने हुँदैन।

हामीसँग न्यायाधीशहरु नै सपथ लिनेबित्तिकै हुल बाँधेर पार्टी कार्यालय पुगेका इतिहास छन्। कायममुकायम प्रधानन्यायाधीश नै पार्टी अध्यक्षलाई भेट्न पुगेको दृष्टान्त छ। पार्टीका नेताहरुसँग भेटघाट गर्ने, सम्बन्ध बनाएर आफू अनुकूल माहोल बनाउने प्रयास पनि नौलो होइन। जोशीकै सवालमा पनि पार्टीका शीर्ष नेताहरु भाषणवाजीमा उत्रिए। दबाब बढाउन सकेको प्रयत्न गरे। हिजो न्यायालयमा रोपेको राजनीतिको बिरुवालाई आज संरक्षण गर्नुपर्ने वाध्यता भएकाले नै आफ्नो हैसियतको ख्याल नगरी तनाब ब्यहोर्नुपरिरहेको छ। हिजोका कतिपय 'योग्य' न्यायाधीशलाई झन्डाको रङ फरक भएकै आधारमा रुँदै घर फिर्ता नपठाएको भए आज यतिसाह्रो तनाब लिनुपर्ने थिएन। हामीले भनेजस्तो भएन भनेर संसदीय समितिको बैठक नै बहिस्कार गर्नुपर्ने थिएन।

जोशी पात्र हुन, उनी राखिनु वा नराखिनुसँग उनको योग्यता वा अयोग्यताभन्दा पनि राजनीतिक जित(हारको विषय बनिरहेको छ। कारण, जोशी कांग्रेस निकट डेमोक्र्याटिक्स लयर्स एसोसिएसन (डिएलए) पूर्व अध्यक्ष पनि हुन्। कांग्रेस र नेकपाको अहिलेको प्रतिष्ठाको लडाइँमा उनको राजनीतिक पृष्ठभूमि पनि जोडिन्छ। संस्कार नै त्यस्तै बसाएपछि, कांग्रेसले आफ्नालाई जोगाउन खोज्नु र नेकपाले आफू अनुकूल पात्र खोज्नु स्वभाविक छ।

न्यायालयमा मिसाइएको राजनीतिक विषको असर हामीले कहिलेसम्म भोग्नुपर्ने हो, अहिले नै अनुमान गर्न सकिन्न। किनकि, यस विषयमा जो सचेत बन्नुपर्ने हो, उनीहरुले सोचिरहेका छैनन्। त्यसैले जोशीजस्ता पात्र उत्पादन र विसर्जन भइरहन्छन्। राम्रा भनिएका न्यायाधीशहरुलाई रुवाउँदै घर पठाएको फल त लामो समय भोग्नै पर्ला।



# अधिकारकालागि हलुवाई जाति एक हुनु पर्छः अध्यक्ष साह

राजविराज / राज्यको हरेक निर्णायक तहमा अझैं पनि हलुवाई जातिको पहुँच एवम् प्रतिनिधित्व हुन नसकेको हलुवाई समाज नेपालका केन्द्रीय अध्यक्ष शिवनारायण साहले बताएका छन् ।

सप्तरीको हनुमाननगर स्थित आधारभुत विद्यालयमा शनिवार आयोजित समाजको हनुमाननगर एकाई कमिटिको दोस्रो नगर अधिवेशनलाई सम्वोधन गर्दै प्रमुख अतिथि साहले यस्तो कुरा बताएका हुन् । मानव सम्भयता मै अति पुरानो हलुवाई जातिलाई जनजातिमा सूचीकृत गर्नु पर्नेमा जोड दिँदै उनले भने 'हलुवाई जाति आफ्नो हक अधिकारको लागि एकतावद्ध भएर अगाडि बढ्नुपर्छ ।'

नगर अध्यक्ष गंगा साहले हलुवाई जाति हिन्दू जातिको १६ संस्कार मध्ये उपनयन संस्कार गर्ने जने उधारी जाति भएकोले हलुवाईद्वारा निर्मित मिष्ठान्न अराध्यदेवको लागि पबित्र मानिने हुँदा शुद्धता र पवित्रतामा ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रममा समाजका केन्द्रीय महासचिव महेश साह, कोषाध्यक्ष शत्रुध्न साह, सदस्यहरु शिबजी प्रसाद साह, जिल्ला अध्यक्ष चन्देश्वर प्रसाद साह, सदस्य बैशराज साह, मान्यजनहरु बिन्देश्वर साह, भगवान साह लगायतले मन्तव्य व्यक्त गरे ।

यसैगरी हलुवाई समाज नेपाल हनुमाननगर कमिटिको दोस्रो नगर अधिवेशनले विनोद कुमार साहको अध्यक्षतामा नयाँ कार्य समिति गठन गरिएको छ ।

समितिको उपाध्यक्ष राम साह, सचिव शम्भु साह, सह-सचिव बिन्देश्वर साह र कोषाध्यक्षमा दिलिप प्रसाद साह रहेका छन् । सदस्यमा रेखा देवी साह, शान्ति देवी साह, मीना देवी साह, प्रमोद कुमार साह र लालबाबु साह रहेका छन् । यसैगरी सप्तरीको खडग नगरपालिकामा समेत गत साउन १४ गते सम्पन्न साधारणसभाबाट नयाँ कार्य समिति गठन गरिएको जनाईएको छ । रामानन्द साहको अध्यक्षतामा गठन भएको समितिको उपाध्यक्षमा जुगानन्द साह, सचिवमा भूपन साह, सह-सचिवमा मुसहरु साह र कोषाध्यक्षमा किरण देवी साह रहेका छन् । सदस्यमा जोगिन्दर साह, महाबीर साह, कुशेश्वर साह, श्रवण साह, पशुपति साह र पूनम देवी साह रहेका छन् ।




खगेन्द्र कार्की
९८४२०९२१०७
९८०७७४३२०२
शंकर कार्की
९८६३९०८७४९
जनता बुक्स एण्ड स्टेसनरी
सप्तकोशी नपा-१, फत्तेपुर, सप्तरी
बासपार्क जाने बाटो (हेल्थपोष्ट अगाडी)
हाम्रा सेवाहरु
यहाँ बोर्डिङ्ग स्कूल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक, स्टेसनरी, पत्र पत्रिकामा विज्ञापन गर्नका साथै खेलकुदका सम्पूर्ण सामानहरु खुद्रा तथा होलसेल मूल्यमा पाइन्छ । साथै विवाह तथा व्रतबन्धका सम्पूर्ण कार्डहरु उपलब्ध गराइन्छ ।

खुशीको खवर ! खुशीको खवर !!
अनुकुल पोलिक्लिनिक
तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।
हाम्रो सेवाहरू
OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र
सम्पर्क स्थान
N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३
नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

बेलका नगरपालिकाको अनुरोध
– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।
बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा
अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।
प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१


IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

